# Membership Information System (MIS)
# & Data Protection and Privacy Policy
# प्रश्नोत्तर (FAQ)

## १) संघको Membership Information System (MIS) भनेको के हो ?

अनलाईन माध्यमबाट गैरआवासीय नेपाली संघको सदस्यताको आवेदन लिन र सदस्यताको व्यवस्थापन गर्न संघले तयार पारेको प्रणालीलाई Membership Information System (MIS) भनिन्छ । नयाँ सदस्यहरु तथा २०२३-२५ मा भएका सदस्यहरुले **"Smart NRNA App" IOS Appstore** तथा **Android Playstore** बाट डाउनलोड गरी नयाँ सदस्यता तथा सदस्यता नवीकरण गर्न सक्नेछन ।

## २) सदस्यताको आवेदन र व्यवस्थापन गर्न किन एमआइएसको आबश्यकता पर्यो?

संघको सञ्जाल ८६ देशमा फैलिएको छ र यसका करीब **९७०८०** जना (2023-2025) सदस्यहरु छन् । आउँदा दिनहरुमा सदस्यहरु लाखौं संख्यामा वृद्धि गराउने उद्देश्य रहेको छ । लाखौ सदस्यहरुको व्यवस्थापन गर्न प्रविधि प्रयोगले मात्र संभव छ । यस प्रणालीबाट सदस्यता बन्दा निम्न फाइदा हुन्छन ।

- सदस्यहरुको व्यवस्थापन गर्न सजिलो हुन्छ ।
- परम्परागत कागजमा आधारित सदस्यता आवेदन प्रणाली भन्दा यस प्रणालीमा सदस्यहरुको विवरण सुरक्षित हुन्छ ।
- सदस्यहरुले आफ्नो सदस्यता परिचयपत्र (membership card) आफ्नो मोबाईल डिभाइसमा प्राप्त गर्न सक्छन् ।
- सदस्यताको डेटा तयार गर्न र परिचयपत्र तयार गर्न लाग्ने करोडौं रुपैयाँ संघले बचत गर्छ ।
- सदस्यता शुल्क अनलाईन प्रणालीबाट तिर्न सकिने हुदा आर्थिक पारदर्शिता कायम रहन्छ ।
- सदस्य र संघ बिच सिधा सम्पर्क स्थापना गर्न संभव हुन्छ ।
- सदस्यहरुले संघको गतिविधीको जानकारी आफ्नो मोबाईल डिभाइसमा प्राप्त गर्न सक्छन ।
- सदस्यहरुले पाउने सहुलियतको जानकारी आफ्नो मोबाईल डिभाइसमा प्राप्त गर्न सक्छन ।
- संघको विभिन्न निकायमा हुने निर्वाचन लगायतका कार्यक्रममा सहजरुपमा भाग लिन सक्छन ।
- नक्कली सदस्य वा नक्कली महाधिवेशन प्रतिनिधी बनाइ निर्वाचनमा प्रभाव अवस्थाको अन्त्य हुन्छ ।

## ३) एमआईएस प्रणाली संघले कहिले देखि शुरु गरेको हो ?

संघको सन् २०१५-२०१७ को कार्यकालमा यस प्रणालीको थालनी गरिएको थियो । प्रविधिको तीव्र विकास तथा सदस्यहरुको विवरणको सुरक्षाको विषय संवेदनशिल बन्दै गएकोले यस प्रणालीलाई थप विकसित गरिएको हो । **SMART NRNA** को ११ वटा अङ्ग मध्येको एमआइएस एउटा अङ्ग हो ।

### ४) परम्परागत कागजमा आधारित सदस्यता आवेदन प्रणालीमा सदस्यको विवरण किन र कसरी डेटा असुरक्षित हुन्छ ?

संघको सदस्य बन्न सम्बन्धित देशमा कम्तीमा पनि २ वर्ष बसोबास गरेको प्रमाण पेश गर्नु पर्नेहुन्छ । यसको लागि सदस्यताका लागि आवेदन भर्दा आफ्नो पासपोर्ट, ड्राईभिङ लाइसेन्स, वा स्थायी बसोबास कार्ड जस्ता अत्यन्त व्यक्तिगत, गोप्य र महत्वपूर्ण कागजात पेश गर्नुपर्छ । यी कागजपत्रमा जन्म मिति, ठेगाना जस्ता संवेदनशील र गोप्य व्यक्तिगत जानकारी रहेका हुन्छन् । कतिपय देशमा उम्मेदवार वा समुदायका अगुवाहरुले घर घरमा गएर यस्ता कागजपत्र संकलन गर्ने गरेका छन् । यसरी संकलन गरिएका काजगपत्र राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुलाई बुझाइन्छ । कागजपत्रलाई विद्युतीय स्वरुपमा ढाल्ने काम गर्ने व्यक्ति पनि फरक हुन्छ । विद्युतीकरण गरिएको विवरण व्यक्तिगत कम्प्युटरको हार्ड ड्राईभमा राखिने गरिन्छ । कागजी आवेदन र कागजपत्रको प्रतिलिपि भौतिक रुपमा सुरक्षित राख्न स्थाई कार्यालय नहुँदा पदाधिकारीको घर वा व्यक्तिगत कार्यालयमा राखिने भएकोले ती कागजपत्र कुनै पनि बेला चोरी हुनसक्ने, नष्ट हुनसक्ने वा हराउन सक्ने सम्भावना रहन्छ । अतः परम्परागत कागजमा आधारित सदस्यता आवेदन प्रणालीबाट सदस्यहरुको विवरण सुरक्षित राख्न सकिने सम्भावना न्यून रहन्छ । जसका कारण राष्ट्रिय समन्वय परिषद्हरु कानूनी झमेलामा पर्ने सम्भावना रहन्छ । त्यसैले अनलाइन प्रणालीबाट सदस्यको आवेदन लिन र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सदस्यहरुको विवरण सुरक्षित गर्न एमआइएस प्रणालीको प्रयोग गर्नु आवश्यक छ ।

### ५) एमआइए प्रणालीमा सदस्यहरुको विवरण कसरी सुरक्षित गरिएको हुन्छ ?

आफ्नो कम्प्युटर वा मोबाइल डिभाइस प्रयोग गरेर सदस्यहरु आफैँले निवेदन दिन सक्ने भएकोले आधिकारिक व्यक्ति भन्दा अन्य व्यक्तिहरुले सदस्यहरुको डेटा हेर्न पाउँदैनन् । सदस्यले पेश गरेको कागजपत्रहरु संघको सचिवालयको कम्प्यूटरको सर्भर वा हार्ड ड्राईभमा राखिँदैन सो विवरणहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्लाउडमा जान्छन् । क्लाउडबाट कागजपत्र डाउनलोड गर्न नसकिने व्यवस्था गरिएको छ । सदस्यताको प्रमाणिकरण गरेपछि आवश्यकता अनुसार कागजपत्र डिलिट गर्न सकिने व्यवस्था पनि गरिएको छ । सदस्यहरुले पेश गरेको डकुमेन्ट हेरि सदस्यता प्रमाणिकरण गर्ने अधिकार राष्ट्रिय समन्वय परिषद्ले तोकेका व्यक्ति (एडमिन)लाई मात्रै दिइएको हुन्छ । प्रमाणिकरण गर्ने व्यक्तिले संघसँग **Non-disclosure agreement (NDA)** गरे पछि मात्र यस्तो अधिकार दिईन्छ । राष्ट्रिय समन्वय परिषदका एडमिन र संघको सचिवालयको सुपर एड्मिन बाहेक अरु कसैले सदस्यहरुको विवरण हेर्न सक्दैन । संघको अध्यक्ष, महासचिव, सचिवालयको प्रमुखलाई समेत यो अधिकार दिइएको हुँदैन । एडमिन र सुपर एड्मिनले कुन मिति, कुन समय, कुन कम्प्यूटरबाट सदस्यको विवरण हेर्यो त्यसको रेकर्डको दैनिक लग रहने व्यवस्था गरिएको छ । सदस्यले कुन समयमा सदस्यता आवेदन दियो, कुन समय प्रमाणिकरण गर्यो सबैको रेकर्डको दैनिकी लग पनि राख्ने गरिएको छ । एडमिन वा सुपर एडमिनले नियतबस् केही अनैतिक कार्य गरेमा यसको रेकर्ड पनि हेर्न सकिन्छ । त्यस्तो अनैतिक काम गरेको पाइए जिम्मेवार व्यक्ति कानूनी दायरामा उभिनुपर्छ ।

### ६) काठमाडौंस्थित संघको सचिवालयले नेपाल बाहिर बस्ने सदस्यहरुको विवरण लिनु स्थानीय कानूनी विपरित हुन्छ ?

राष्ट्रिय समन्वय परिषद् मार्फत आवेदन दिने सदस्यहरु नेपालमा दर्ता भएको गैरआवासीय नेपाली संघका सदस्यहरु हुन् । सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषद्लाई दिइएको छ । प्रविधि उपलब्ध नहुँदा राष्ट्रिय समन्वय परिषद्हरुले सदस्यहरुले पेश गरेको विवरण हेरी सदस्यताको प्रमाणिकरण गरेपछि सदस्यहरुको विवरण (नाम, जन्म मिति, ठेगाना, ईमेल,

र फोन नम्बर) संघको सचिवालयलाई पठाउने गर्थे भने उनीहरुको कागजपत्रको सुरक्षाको ग्यारेन्टी राष्ट्रिय समन्वय परिषद्ले गर्थे । तर एक दुई बाहेक अन्य राष्ट्रिय समन्वय परिषद्हरुले अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्लाउडमा सदस्यहरुको कागजपत्र सुरक्षित राख्न नसकेको स्थिति छ । अतः आफ्ना सदस्यहरुको डकुमेन्टको सुरक्षा गर्नु संघको दायित्व हो । यसको लागि एमआइएस प्रणाली अपनाउनु आवश्यक छ । कुनै पनि व्यक्तिलाई एनआरएनए जस्तो सामाजिक संस्थाको सदस्य बन्न नैसर्गिक अधिकार हुन्छ र सदस्यले आफ्नो सहमतिले आफ्नो कागजपत्र आफू बसेको देश भन्दा बाहिर पेश गर्न सक्छ । जस्तोः अन्तर्राष्ट्रिय रेडक्रस, रोटरी क्लबमा सदस्य बन्न कुनै कानूनले रोक्दैन । अतः नेपालमा दर्ता भएको संस्थाको सदस्य बन्न संस्थाले तोकेको मापदण्ड अनुसार सदस्यताको आवेदन नेपालमा पेश गर्नु गैरकानूनी हुँदैन ।

### ७) सदस्यहरुको विवरण कहाँ-कहाँ प्रयोग गरिन्छ ?

संघले संकलन गरेका सदस्यको विवरण संघको प्रशासनिक कार्यमा मात्र प्रयोग गरिन्छ । संघको **Data Protection and Data Security Policy** र सदस्यहरुले पालना गर्नु पर्ने 'Terms and Conditions' मा उल्लेख गरिए अनुसार सदस्यहरुको सहमतिमा संघका प्रशासनिक गतिविधिमा विवरणको प्रयोग गरिन्छ (जस्तैः संघका आधिकारिक सूचना पठाउने, मतदाता नामावली वेभसाइटमा न्युनतम विवरण प्रकाशन गर्ने)। संघको केन्द्रीय प्रणालीमा संकलन भएको सदस्यको विवरण सम्बन्धित राष्ट्रिय समन्वय परिषदलाई उपलब्ध गराईन्छ । राष्ट्रिय समन्वय परिषदले निर्वाचनको प्रायोजनको लागि निर्वाचन समिति वा अनलाइन मतदान गर्नुपर्ने भएमा भेण्डरलाई आवश्यक अनुसार सदस्यको न्युन्तम विवरण उपलब्ध गराइनेछ । संघको **Data Protection and Data Security Policy** विषयको जानकारी दिइएको छ ।

### ८) के एमआइएस Data Protection and Privacy अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको (जस्तै युरोपको General Data Protection Regulation) मापदण्ड अनुसार बनेको छ ?

अवश्य पनि, एमआइएस अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाइएको छ । संघले अपनाएको **Data Protection and Data Security Policy, General Data Protection Documents** र सदस्यहरुले पालना गर्नुपर्ने **'Terms and Conditions'** एमआइएसमा सार्वजनिक गरिएको छ, सदस्यहरुले आवेदन दिनुभन्दा पहिले यसको अध्यन गरी आफ्नो सहमति दिएपछि मात्र आफ्नो विवरण दिनसक्छन् । संघको नीतिसँग असहमत हुने अधिकार व्यक्तिमा सुरक्षित रहन्छ ।

### ९) एमआइएसले कसरी नक्कली सदस्य वा नक्कली महाधिवेशन प्रतिनिधि बनाउन रोक्छ ?

एमआइएसलाई कडाइका साथ लागू नगर्दा अयोग्य व्यक्ति पनि सदस्य हुने सम्भावना रहन्छ । पञ्जिकृत सदस्यहरुको संख्याको आधारमा महाधिवेशन प्रतिनिधिको संख्या निर्धारण हुने भएकोले अयोग्य व्यक्तिलाई सदस्य बनाई मतदाताको संख्या बढाउने सम्भावना हुन्छ । प्रतिनिधिको रेकर्ड एमआइएसमा नरहँदा मतदाता सक्कली हो वा नक्कली हो त्यसलाई स्वतन्त्र रुपमा प्रमाणित गर्न कठिन हुन्छ र पदाधिकारीले मतदाता भएको प्रमाणित गर्नुपर्ने अवस्था आउँछ । प्रमाणित गर्ने पदाधिकारीको नियत खराब भएमा अयोग्य व्यक्ति पनि मतदाता बन्न सक्छ ।

### ११) एमआइएसमा Artificial Intelligence Technology कसरी प्रयोग गरिएको छ ?

सही व्यक्तिहरु मात्र सदस्य बन्न सकुन् भन्ने उद्देश्यले सदस्यको अनुहारको सेल्फि र कागज-पत्रमा भएको फोटोलाई **Artificial Intelligence Technology** ले म्याच गराउने प्रविधिको प्रयोग गरिएको छ । दीर्घकालमा सदस्यता प्रमाणिकरणमा मानवको संलग्नता नगराई पूर्णरुपमा **Artificial Intelligence technology** को प्रयोग गर्ने योजना छ, ताकि मानवीय कारणले सदस्यहरु विवरण चुहावटको सम्भावना शून्य होस् । सदस्यले आफ्नो अधिकार आफैंले प्रयोग गरोस् र उसको

अधिकार अरु कसैले दुरुपयोग नगरोस् (जस्तै अनलाइनबाट मतदान हुँदा) भन्नका लागि पनि **Artificial Intelligence Technology** प्रयोग गरी फेस भेरिफिकेसन प्रविधि प्रयोग गर्नु जरुरी छ ।

### १२) एमआइएसको प्रयोग गर्न सबै गैरआवासीय नेपालीहरुलाई सहज हुन्छ ?

अवश्य पनि, प्रविधिसँग कम ज्ञान राख्ने गैरआवासीय नेपालीहरुलाई सुरुमा एमआइएस प्रयोग गर्न कठिन हुन सक्छ । उम्मेदरवार वा राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुले कागजी फाराम भर्न, फोटो खिच्न, फाराम सम्बन्धित ठाउँमा पेश गर्न सहयोग गर्ने चलन पहिले पनि थियो । उहाँहरुले प्रविधिको प्रयोगको लागि पनि सहयोग गर्नुहुनेछ भन्ने हामीले अपेक्षा गरेका छौं । नेपालमा पनि सम्पूर्ण नेपालीहरुलाई डिजिटल राष्ट्रिय परिचयपत्र दिने सरकारले निर्णय गरेको छ । सबै नेपालीहरु आफैले प्रविधिको प्रयोग गर्न सक्दैनन् । जनप्रतिनिधि वा सरकारी निकायले सहयोग गरेका हुन्छन् । त्यसैले राष्ट्रिय समन्वय परिषद्हरुका पदाधिकारीहरुले प्रविधिमा कम ज्ञान भएका गैरआवासीय नेपालीहरुलाई सहयोग गर्न अनुरोध गर्दछौ ।

**Non-Resident Nepali Association**
**Baluwatar, Kathmandu**
**Phone: 977-01-4526005/977-01-4511530**
**Email: membership@nrna.org**